# नौकुण्ड गाँउपालिका
## गाउँकार्यपालिकाको कार्यालय
सरमथली, रसुवा

वागमती प्रदेश, नेपाल

प स: ०७७।०७८

मितिः २०७८।०१।२९

विषयः अत्यन्त जरुरी सुचना ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय रसुवाको मिति २०७८।०१।२६ गतेको प्रमुख जिल्ला अधिकारीवाट जारी आदेश अनुसार निषेधाज्ञा जारी गरिएको तथा विश्वभर फैलिरहेको दोस्रो लहरको कोरोना भाइरस संक्रमणको असर यस पालिकाको वडा नं ५ र ६ को बिभिन्न स्थानहरुमा पनि देखिएको र अझ तिब्र गतिमा संक्रमण फैलन सक्ने सम्भावना रहेको कारणले संक्रमण रोक्नको लागि यस कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट प्रवाह गरिने अति आवश्यक सेवा ( स्वास्थ्य सेवा, विपद तथा आकस्मिक सेवा) वाहेकका सम्पूर्ण सेवाहरु मिति २०७८।१।२९ देखि २०७८|०२|०३ गते सम्मको लागि बन्द गरिने व्यहोरा जानकारी गराइन्छ । यस पालिका भित्र विवाह, ब्रतबन्ध, घेवा, सभा, भेला, सम्मेलन लगाययत भिडभाड हुने सम्पूर्ण कार्यक्रमहरु नगर्न/ नगराउनुहुनसाथै अति आवश्यक काममा बाहेक घर बाहिर ननिस्कनुहुन र निस्कनै पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड अपनाई मास्क लगाएर मात्र निस्कनुहुन, एक व्यक्ति अर्को व्यक्ति बीच कम्तिमा २ मिटरको दुरी कायम गर्नुहुन, समयसमयमा साबुन पानिले मिचिमिचि हात धुनु तथा स्यानिटाइजर प्रयोग गर्नुहुन, ज्वरो आएका वा रुघाखोकी लागेका व्यक्तिहरुबाट टाढै बस्नुहुन/स्वास्थ्यकर्मी संग परामर्श लिनुहुन सवैमा अनुरोध गरिन्छ ।

नेत्रराज गिरी

प्रमुख प्रशासकीय अधिकृत